# सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रसंग सम्बन्धित सार्वजनिक विवरण

**(आर्थिक वर्ष २०७६।०७७ को आषाढ मसान्तसम्मको)**

http://topnews.in/law/files/Nepal_gov_logo1.jpg

नेपाल सरकार

अर्थ मन्त्रालय

## सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र

हरिहरभवन, ललितपुर

# १. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्दको स्वरुप र प्रकृति

**(क) पृष्ठभूमि:**

निजामती सेवा अन्तरगत राजस्व प्रशासन र आर्थिक प्रशासनमा संलग्न कर्मचारीहरुको वृत्ति विकास र क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गतको एक विभागीय निकायको रुपमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको स्थापना वि.स.२०३७ सालमा फाल्गुण २९ गते भएको हो । यस केन्द्रले स्थापनाकालपछिका वर्षहरुमा तत्काल अर्थमन्त्रालय अन्तर्गत रहेका कर, अन्तशुल्क, भन्सार विभाग र महालेखा नियन्त्रक कार्यालय अन्तर्गतका कर्मचारीहरुलाई तालिम दिदै आएकोमा पछिल्ला वर्षहरुमा यसको कार्यक्षेत्र विस्तार भई महालेखा परीक्षकको कार्यालय, जनपद प्रहरी, सशस्त्र प्रहरी लगायत विभिन्न निकायका कर्मचारीलाई पनि मागको आधारमा प्रशिक्षण दिदै आएको छ ।

यस केन्द्रवाट वार्षिक रुपमा संचालन हुने तालिम लगायतका कार्यक्रमहरु तर्जुमा तथा संचालन लगायत सबै कार्यमा नीतिगत मार्गदर्शन गर्न अर्थ सचिवको अध्यक्षतामा एक उच्चस्तरीय निर्देशक समितिको समेत व्यवस्था रहेको छ ।

राजस्व प्रशासन अन्तर्गत अर्थ मन्त्रालय र मातहतका विभाग तथा कार्यालयहरु र आर्थिक प्रशासन अन्तर्गत महालेखा नियन्त्रक कार्यालय तथा मातहतका कार्यालयहरु र अन्य सरकारी निकायहरु नै यस केन्द्रवाट प्रदान गरिने तालिमको लागि प्रमुख सरोकारवाला पक्ष हुन् ।

**(ख) दीर्घकालीन सोंच:**

राज्यको आर्थिक श्रोत संकलन र परिचालन/व्यवस्थापनसंग सम्बन्धित जनशक्तिको उत्पादन र विकास गर्ने र अर्थतन्त्र र आर्थिक तथा राजस्व प्रशासनका समसामयिक मुद्दा वा विषयहरुमा सूचना तथा परामर्श प्रवाह गर्ने कार्यमा एक अग्रणी प्राज्ञिक संस्था (Center for Excellence) को रुपमा भूमिका निर्वाह गर्ने ।

**(ग) लक्ष्य**

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको संस्थागत र प्रणालीगत सुधारको माध्यमवाट सार्वजनिक आर्थिक प्रशासन र राजस्व प्रशासनसंग सम्बन्धित जनशक्तिको उत्पादन र विकास गर्ने कार्यको समग्र गुणस्तर अभिवृद्धि गर्ने ।

**(घ) समग्र उद्धेश्य**

(अ) सम्वन्धित निकायहरुको माग वमोजिम निजामती सेवा राजस्व प्रशासन र आर्थिक प्रशासनमा संलग्न कर्मचारीहरुको वृत्ति विकास र क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन गर्ने ।

(आ) परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति अनुरुप तालिमको गुणस्तर अभिवृद्धि गर्न प्रशिक्षकहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने ।

(इ) आर्थिक क्षेत्रका समस्या र मुद्दाहरुको विषयमा गोष्ठी, अन्तरक्रिया र अध्ययन अनुसन्धानको माध्यमवाट उपर्युक्त उपायहरु/सूचनाहरुको पहिचान गरी सरोकारवालाहरु समक्ष प्रवाह गर्ने ।

(ई) संस्थागत र प्रणालीगत सुधारको प्रयासवाट तालिम केन्द्रलाई वदलिंदो परिस्थिति अनुरुप आर्थिक विषयमा प्रशिक्षण प्रदान गर्ने र अध्ययन तथा अनुसन्धान गर्ने अग्रणी निकायको रुपमा भूमिका प्रदर्शन गर्न सक्षम बनाउने ।

**(ङ) नीति:**

राजस्व एवं आर्थिक प्रशासनका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन एवं विकास गर्नको लागि भौतिक पूर्वाधारयुक्त अनुसन्धानमुलक प्राज्ञिक अग्रणी संस्थाको रुपमा विकास गरी सेवा प्रवाहलाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ ।

**(च) रणनीति**

(अ) सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रलाई नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गत एक आंशिक स्वायत्त, आवासीय र प्राज्ञिक प्रकृतिको आर्थिक अनुसन्धान तथा तालिम प्रतिष्ठानको रुपमा पुन संरचना गर्न सम्भाव्यता अध्ययन एवं संगठन तथा व्यवस्थापन (O & M) अध्ययन गर्ने ।

(आ) छिमेकी देशहरुको तालिम संस्थाहरुको तालिम संचालन तथा व्यवस्थापन सम्बन्धमा भए गरेका उदाहरणीय कार्यहरुको अवलोकन गर्ने

(इ) सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट संचालन हुने कार्यक्रमहरुको कार्यविधि निर्देशिका र कार्यसम्पादन सूचक तयार गर्ने

(ई) अभिलेख तथा सूचना इकाइ (Documentation Center) स्थापनाको लागि पूर्वाधार तयार गर्ने र

(उ) राजस्व प्रशासन तालिम केन्दवाट प्रदान गरिने तालिम तथा शैक्षिक कार्यक्रमलाई आवासीय प्रकृतिको बनाउने ।

**(छ) कार्यनीति:**

(अ) तालिमको आवश्यकता पहिचान गर्ने ।

(आ) तालिमको पाठ्यक्रम निर्देशिका निर्माण र यसको अद्यावधिक गर्ने ।

(इ) प्रशासन सेवा, राजस्व समुह र लेखा समुह तथा लेखापरीक्षण सेवाका कर्मचारीहरुको सेवा प्रवेश र सेवाकालीन तालिम संचालन गर्ने ।

(ई) राजस्व र आर्थिक प्रशासनका विषयमा राजस्व र वित्तीय प्रशासनमा कार्यरत जनशक्तिको अभिमुखिकरण र पुनर्ताजगी सम्बन्धी अल्पकालीन तालिम संचालन गर्ने ।

(उ) अन्य सार्वजनिक निकायको माग बमोजिम राजस्व प्रशासन र सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अल्पकालीन तालिम संचालन गर्ने ।

(ऊ) प्रशिक्षकहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गर्ने ।

(ए) तालिमको प्रभावकारिता मूल्यांकन गर्ने ।

(ऐ) अर्थतन्त्र र आर्थिक तथा राजस्व प्रशासन क्षेत्रसंग सम्बन्धित समसामयिक विषयहरुमा गोष्ठी, अन्तरक्रिया र अध्ययन तथा अनुसन्धान गरी त्यसबाट प्राप्त तथ्य तथा सूचनाहरुलाई सरोकारवालाहरु समक्ष प्रवाह गर्ने ।

(ओ) अर्थतन्त्र र आर्थिक तथा राजस्व प्रशासन क्षेत्रसंग सम्बन्धित प्रशिक्षकहरुको सूचिकरण गरी सूचिकरण भित्रका प्रशिक्षकहरुबाट प्रशिक्षण गराउने ।

(औ) आर्थिक विषयक (राजस्व) पत्रिका प्रकाशन गर्ने ।


## २. संगठनात्मक स्वरुप

तालिम केन्द्र विभागस्तरको निकाय भएको र यसका अन्य कुनै पनि मातहत निकायहरु रहेका छैनन । तालिम संचालनको काम केन्द्र एवं जिल्लास्तरमा समेत गई संचालन गर्ने गरिएको छ ।

## क. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको आन्तरिक संगठनात्मक स्वरुप र कर्मचारी संख्या

यस तालिम केन्द्रको संगठनात्मक संरचनामा ३ वटा शाखा रहेका छन् । ती शाखा मार्फत राजस्व प्रशासन तथा आर्थिक प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथै समसामयिक विषयमा अध्ययन तथा अनुसन्धानको कार्य गर्ने गर्दछन् । सबै शाखाहरु सहितको तालिम केन्द्रको संगठन संरचना निम्नानुसार रहेको छ :

### सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको संगठन संरचना



सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा देहाय बमोजिमका ३७ जनाको दरवन्दी कायम छ । केन्द्रको दरवन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | पद पूर्ति भएको संख्या | रिक्त भएको पद संख्या | करारमा नियुक्त संख्या | फाजिलमा कार्यरत कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिम प्रमुख | रा.प.प्र. | प्रशासन | | १ | – | १ | | |
| २ | वरिष्ठ प्रशिक्षक | रा.प.द्वि. | प्रशासन | राजस्व | ४ | ३ | १ | | |
| ३ | वरिष्ठ प्रशिक्षक | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | २ | २ | | |
| ४ | प्रशिक्षक | रा.प.तृ. | प्रशासन | राजस्व | ६ | ५ | १ | | |
| ५ | प्रशिक्षक | रा.प.तृ. | प्रशासन | लेखा | ४ | ३ | १ | | |
| ६ | शा.अ. | रा.प.तृ. | प्रशासन | सा.प्र. | १ | – | १ | | |
| ७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | – | | |
| ८ | कम्प्युटर ईन्जिनियर | रा.प.तृ. | विविध | | १ | – | १ | | |
| ९ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | – | – | | | १ |
| १० | ना.सु. | रा.प.अन.प्र. | प्रशासन | राजस्व | २ | १ | १ | | |
| ११ | लेखापाल | रा.प.अन.प्र. | प्रशासन | लेखा | १ | १ | - | | |
| ११ | पुस्तकालय सहायक | रा.प.अन.प्र. | शिक्षा | लाइवेरियन | १ | १ | – | | |
| १२ | टा.ना.सु. | रा.प.अन.प्र. | प्रशासन | सा.प्र. | – | – | | | २ |
| १४ | खरिदार | रा.प.अन.द्वि. | प्रशासन | सा.प्र. | १ | १ | – | | |
| १५ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनि. | मेकानिक्स | २ | – | २ | २ | |
| १६ | का.स. | श्रेणी विहिन | | | ८ | – | ८ | ७ | |
| | **जम्मा** | | | | **३७** | **१८** | **१९** | **९** | **३** |

# ३. कार्यक्षेत्र

केन्द्रीय निकायको रुपमा रही नेपाल राज्यभर कार्यरत राजस्व समूह, लेखा समूह र लेखापरीक्षण सेवाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

**क. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रले गर्ने कार्य**

(१) तालिम सम्बन्धी कार्यहरु

- तालिम आवश्यकताको पहिचान,
- तालिम पाठ्यक्रम विकास तथा प्रशिक्षण निर्देशिका निर्माण,
- सेवा प्रवेश, सेवाकालीन र अल्पकालीन तालिम संचालन,
- अभिमुखीकरण र पुनर्ताजगी तालिम संचालन,
- प्रशिक्षकहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन,
- तालिमको प्रभावकारिता मूल्यांकन,

- स्रोत व्यक्तिहरुको अभिलेख व्यवस्थापन,

(२) **अन्य कार्यहरु**

- राजस्व तथा आर्थिक प्रशासन सम्बन्धी विषयहरुमा अन्तरक्रिया, गोष्ठी तथा कार्यशाला आयोजना
- राजस्व तथा आर्थिक प्रशासनका क्षेत्रमा अध्ययन अनुसन्धान र परामर्श
- 'राजस्व' पत्रिका प्रकाशन ।

## ४. सचिवालय, महा/शाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वर

| सि.नं. | सचिवालय र महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | तालिम प्रमुख | .......... | ............ |
| २ | निमित्त तालिम प्रमुख/बरिष्ठ प्रशिक्षक | राजेन्द्र पौडेल | ९८५१०४५०९८ |
| ३ | बरिष्ठ प्रशिक्षक | बाबुराम ज्ञवाली | ९८४९०५६८३३ |
| ४ | बरिष्ठ प्रशिक्षक | लव थापा | ९८४१२३९८०० |
| ५ | बरिष्ठ प्रशिक्षक | खगेन्द्र दाहाल | ९८६६४८८१७८ |
| ६ | बरिष्ठ प्रशिक्षक | लव कुमार अधिकारी | ९८५१०२५०९१ |
| ७ | बरिष्ठ प्रशिक्षक | रुद्र प्रसाद भट्ट | ९८४९३९०४९६ |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

(क) सूचना दिँदा लिनुपर्ने शुल्क

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन ।

- सामान्य आकारको (आठ दशमल बतीस इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।

- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ ।

सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ ।

माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ लाग्नेछ । सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।

- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ लाग्नेछ ।

- कुनै सूचना तयार गर्दा माथि लेखिएभन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ ।
- प्रचलित कानुनमा सूचना मागगर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोहीबमोजिम दस्तुर लाग्नेछ ।
- मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ ।

तर तालिम केन्द्रको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना सामग्रीको शुल्क लाग्ने छैन ।

(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- राजस्व खातामा जम्मा गर्न सकिन्छ ।
- कुनै बैंकमा रकम जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिन्छ ।
- सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिन्छ ।

(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र,
- निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध हुनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइने छ ।
- अन्य विशेष ऐन नियमले अवधि तोकेकाको हकमा सोही अवधिभित्र
- 

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः (निर्णय प्रक्रिया सम्बन्धमा)

- तालिम केन्द्रले उपलब्ध गराउने सेवा सम्बन्धी निर्णय सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धी निर्णय सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।
- केन्द्रले सम्पादन गर्ने कार्यका सम्बन्धमा निर्णय गर्ने अधिकारी
- तालिम प्रमुख
- तालिम प्रमुखबाट प्रत्यायोजित अधिकार बमोजिम शाखा प्रमुखहरु
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा तालिम प्रमुखले निर्णय गर्ने

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

(क) तालिम केन्द्रले उपलव्ध गराउने सेवा सम्बन्धमा प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम र

(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमा राष्ट्रिय सूचना आयोग

## ८ सम्पादन गरेको कामको विवरण:

८.१ उपलव्धीहरु

**केन्द्रको आ.व. २०७६/७७ असार महिनासम्मको प्रगति विवरण देहाय बमोजिम रहेको छ:**

| **खण्ड (क) आ.व. २०७६।७७ को राजस्व नीति तथा कार्यक्रम बमोजिम सम्पन्न कार्यक्रमहरु:** | | |
|---|---|---|
| **सि.नं.** | **कार्यक्रम** | **उपलव्धी** |
| १ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रलाई क्षमता विकास र विषयगत दक्षता हासिल गर्न सक्ने प्राज्ञिक संस्थाको रुपमा विकास गर्ने । साथै यस केन्द्रलाई राजस्व सम्बन्धी महत्वपूर्ण सामग्रीहरु संग्रह गरी सुरक्षित रुपमा राख्ने अभिलेख केन्द्रको रुपमा विकास गर्ने । | अवधारणापत्र अर्थ मन्त्रालयबाट स्वीकृत भएको छ |
| २ | तालिम केन्द्रको लागि ISO-Certification लिने सम्वन्धी | ISO 2001:2015 Certification प्राप्त भएको । |

| **सि.नं.** | **तालिमको नाम** | **अवधि** | | **सहभागी संख्या** |
|---|---|---|---|---|
| | | **देखि** | **सम्म** | |
| **१. सेवाकालीन तालिमहरु** | | | | |
| **क.राजस्व प्रशासन सम्बन्धी सेवाकालीन तालिम** | | | | |
| १ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी उपसचिवस्तरीय सेवाकालीन तालिम | २०७६/०७/१८ | २०७६/०८/२४ | २७ |
| २ | राजस्व प्रशासन सम्वन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम | २०७६/०४/२९ | २०७६/०६/०७ | ३० |

**(ख) आर्थिक प्रशासन सम्बन्धी सेवाप्रवेश तालिम**

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक प्रशासन सम्वन्धी अधिकृतस्तरीय सेवाप्रवेश तालिम (लेखापरीक्षण अधिकारी, रा.प. तृतीय) | २०७६/०३/२३ | २०७६/०६/१२ | ३५ |
| **ग. आर्थिक प्रशासन सम्बन्धी सेवाकालीन तालिम** | | | | |
| १ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम | २०७६/०४/२८ | २०७६/०६/०५ | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम | २०७६/१०/२६ | २०७६।१२।०५ | ३३ | ३५ |
| ३ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी सहायकस्तरीय सेवाकालीन तालिम | २०७६।०८।०६ | २०७६।०९।१३ | ३० | |
| ४ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी सहायकस्तरीय सेवाकालीन तालिम | २०७६।१०।२७ | २०७६।१२।०६ | ३२ | |

## २.अल्पकालीन तालिमहरु

**(क) सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी अल्पकालीन तालिम**

| | | | | |
|---|---|---|---|---|
| १ | सम्पत्ति शुद्दीकरण तथा राजस्व चुहावटको कसरमा अनसन्धान तथा अभियोजन क्षमता विकास सम्वन्धी अल्पकालीन तालिम २०७६, काठमाण्डौं | २०७६।०४।२१ | २०७६।०४।२७ | २६ |
| २ | सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी अल्पकालीन तालिम, गुल्मी | २०७६।०९।२७ | २०७६।०९।२९ | ४४ |
| ३ | आर्थिक प्रशासन सम्बन्धी अल्पकालिन तालिम | २०७६।११।०७ | २०७६।११।२८ | ४० |

| ३ | **अन्य कार्यक्रमहरु** |
|---|---|
| क | जनशक्ति क्षमता विकासमा प्रदेश सरकार र स्थानीय तहसंग समन्वय सम्वन्धी वैठक मिति २०७६।०४।०९ सम्पन्न भएको । |
| ख | प्रशिक्षक प्रशिक्षण तालिम (TOT) मिति २०७६।०६।१३ देखि २०७६।०६।१५ सम्म मिति २०७६।०६।२७ देखि २०७६।०६।३० सम्म जम्मा ७ दिन संचालन भएको । |
| ग | कैलाली भन्सार कार्यालय, धनगढी ,को ले नि का धनगढी तथा अन्तर्गतका कार्यालय, कोलेनिका गुल्मी,रुपन्देहीमा तालिम आवश्यकता पहिचान सम्पन्न भएको । |
| घ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको ४० औं स्थापना दिवस कार्यकम सम्पन्न गरिएको । |
| ङ | तालिम केन्द्रको आगामी पांचवर्षको रणनीतिक योजना तर्जुमासम्बन्धी केन्द्रद्दारा बाग्मती प्रदेश हेटौंडामा गोष्ठी तथा अन्तरकृया कार्यकम सम्पन्न भएको । |

## ९. सूचना अधिकारी र प्रमुखको विवरण :

| **विवरण** | **पदाधिकारी** | **सम्पर्क नं.** |
|---|---|---|
| प्रमुख | राजेन्द्र पौडेल (निमित्त तालिम प्रमुख) २०७७/४/४ सम्म<br>लवराज थापा (निमित्त तालिम प्रमुख) २०७७/४/५ देखि | ९८५१०४५०९८<br>९८११२३९८०० |

| | | |
|---|---|---|
| सूचना अधिकारी | खगेन्द्र दाहाल | ९८६६४८८१७८ |

# १०. ऐन, नियम र निर्देशिकाको सूची:

(क) राजस्व प्रशासन तालिम केन्द्रलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा निम्नानुसारका कानूनहरुको प्रयोग गरी नियमित कार्य सम्पादन गर्ने गरेका छः

- तालिम निर्देशिका, २०७४
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४

(ख) अन्य कानूनहरु :

केन्द्रबाट संचालन हुने प्रशिक्षण कार्यक्रममा निम्नानुसारका कानूनहरु प्रयोग गरिन्छन्:

**राजश्व तर्फ:**

- आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- अन्तःशुल्क ऐन, २०५८ तथा अन्तःशुल्क नियमावली, २०५९
- मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली ,२०३३
- सालवसाली आर्थिक ऐन
- ऐन सम्बद्ध निर्देशिकाहरु (आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क)
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- नेपाल सरकारका कर राजस्व सम्बन्धी निर्णयहरु

**आर्थिक प्रशासन तर्फ:**

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय जवाफदेहिता सम्वन्धी ऐन, २०७६
- आर्थिक कार्यवधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४

## ११. आम्दानी तथा खर्चको विवरण रकम (रु.)

| बजेट उपशीर्षक | जम्मा विनियोजन | जम्मा खर्च | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ३०५०२०११३ | ५,८०,८४,३९९।४० | ३,८६,४८,१२९।४० | ६६.५ | असार मसान्तसम्मको |
| ३०५०२०११४ | ७०,००,०००।०० | २८,२०,७२१।०० | ४०.३ | असार मसान्तसम्मको |

## १२. अन्य विवरण:

(क) तालिम केन्द्रको वेव साइट

तालिम केन्द्रका प्रकाशन तथा अन्य सूचनामूलक जानकारीको लागि यसकोको वेवसाइट www.pfmtc.gov.np http://www.ird.gov.np/को निर्माण र संचालन गरिएको छ ।

(ख) अन्य प्रकाशित पुस्तक पुस्तिका एवं सूचना र सामग्रीहरुः

१. तालिम संचालन सम्बन्धी सूचना

२. मासिक प्रगति विवरण